**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १४ गते**
गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयले निर्माण गरेको स्वास्थ्य सम्बन्धी अनलाइन सूचना सङकलन र प्रस्तुतीकरण गर्ने पोर्टलमा आएको विवरण वैशाख १४ गते देखि अद्यावदिक गरिएको छ । हाललाई उक्त सफ्टवेयरमार्फत कोभिड-१९ सङक्रमण सम्बन्धी सूचना तथा जानकारी लिनको लागि प्रयोग गर्न 'गण्डकी हेल्थ' नामक मोबाइल एप सार्वजनिंक भएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार पोखरा महानगरपालिका -९ मा रहेको सुकुम्वासी बस्तीका मजदुरहरूले राहत नपाएको भन्दै वडा कार्यालय घेराउ गरेका छन् । वडा नम्बर ९ पृथ्वीचोक बसपार्कमा रहेको कृष्णटोल विकास संस्थाका अध्यक्ष दुर्गा गुरूङले १ सय ९४ घरधुरीमा राहत वितरण नगरिएको बताउनुभयो । अरू टोलमा तीन पटक सम्म राहत वितरण हुँदा कृष्णटोलमा एक पटकपनि राहत वितरण नभएको र भौकै मार्न खोजिएको भन्दै स्थानीय मजदुर आक्रोसित भएका थिए । उनीहरूले वडाध्यक्षलाई पटकपटक फोन गरेर भन्दा समेत राहत उपलब्ध नभएको गुनासो गरेका छन् । जिल्ला स्तरीय मानव अधिकार अनुगमन समिति कास्कीले यस विषयमा महानगरका प्रवक्ता मार्फत छलफल अगाडी बढाएको अध्यक्ष पदमराज पहारीले जानकारी दिनुभयो ।
महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले कृषि बजार उपजमा पनि मानिसका भीडभाड हुने भएकाले कोरोनाको सङक्रमणलाई न्यूनीकरण गर्न महानगरले शान्तिवन स्थित कृषि बजार उपजमा स्वचालित सेनेटाइजर टनेल जडान गरिएको बताउनुभयो ।
पोखरा महानगरपालिकाले नगरवासीका गुनासो सुनेर सम्भव भएसम्म तत्काल सम्बोधन गर्न पैसा नलाग्ने हटलाइन नम्बर ११८१ र ११८६ सञ्चालन गरेको छ । नगरवासीले आफूलाई परेका समस्या टोल फ्रि नम्बर ११८१ र ११८६ मा फोन गरेर टिपाउन सक्ने महानगरले बताएको छ । वैशाख ३ गतेदेखि ११८१ नबर सञ्चालन भएकोमा अर्को नम्बर ११८६ वैशाख १४ गते देखि सञ्चालनमा आएको हो ।
निर्माण व्यवसायी समिति पोखराले निर्माणमा संलग्न मजदुरलाई वैशाख १४ गते देखि समिति अन्तरगत रहेका १ हजार ५ सय जना मजदुरलाई राहत वितरण सुरू गरेको छ । वैशाख १४ गते पहिलो चरणमा ४ सय मजदुरलाई राहत वितरण गरिएको निर्माण व्यवसायी समिति पोखराका अध्यक्ष नारायण गुरूङले जानकारी दिनुभयो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार कोरोनाको उच्च जोखिममा रहेको बागलुङमा सङक्रमण पुष्टि भएका दुई सङक्रमितहरू कोरोनामुक्त भएर घर फर्केपछि जोखिम टर्दै गएको आभाष गर्न थालिएको समयमा उद्धारको नाममा धमाधम जिल्ला भित्रनेहरूको सङख्या बढ्दा कोरोनाको जोखिम थपिएको छ ।
पुराना सङक्रमित सञ्चो हुनु र नयाँमा सङक्रमण नदेखिनु जिल्ला सेफ ल्याडिङ तर्फ गएको अवस्थामा दैनिक हजारौ नागरिक भित्रिएपछि जोखिम बढेको धौलागिरी अञ्चल अस्पताल बागलुङका मेडिकल सुपरिटेण्डेण्ट डा. शैलेन्द्र वि. पोखेलले बताउनुभयो । उहाँका अनुसार सरकारले लकडाउन घोषणा गर्नुपूर्व जिल्ला भित्रिएका १ हजार ३० जनाको र्‍यापीड टेष्ट र एक सय जना बढीको स्वाब परीक्षण गरिसकिएकाले अब पछिल्लो एक सातामा जिल्ला भित्रिएकाबाट मात्र जोखिम रहेको बताउनुभयो ।

बागलुङमा कोरोनाको जोखिम हट्दै गएको सन्दर्भमा विभिन्न व्यक्तिहरूले उद्धारका नाममा काठमाण्डौं, पोखरा तथा भैरहवादेखि मानिसहरू बागलुङ भित्राउन थालेपछि कोरोनाको जोखिम थप पैदा हुन सक्ने डा. पोखरेलको भनाइ छ ।

पछिल्लो एक सातामा जिल्लाको प्रवेशद्वार मालढुङगाबाट मात्र ६ हजार जना भन्दा बढी व्यक्ति विभिन्न सवारी साधनको प्रयोग गरेर प्रवेश गरेका छन् । सरकारले आह्वान गरेको लकडाउनको उल्लङघन गर्दै काठमाडौ, नवलपरासी, लमजुङ, भैरहवा र पोखराबाट दैनिक १३ वटा भन्दा बढी बस मालढुङगाबाट बागलुङ प्रवेश गरेका छन् ।

स्थानीयतह र जनप्रतिनिधिसँग समन्वय र सहकार्य नगरी धमाधम मानिसहरू नगर प्रवेश गर्न थालेपछि जिल्लाका विभिन्न स्थानीयतहका जनप्रतिनिधिहरूले भने फेसबुकमा मार्फत विरोध जनाउन थालेका छन् ।

यही सन्दर्भमा नगरपालिकाले नगरको फेसबुक पेजबाट अपिल समेत जारी गरेको छ । अपिलमा बाहिरबाट नगर भित्रिएकाहरूलाई पूर्ण रूपमा होम क्वारेण्टाइनमा बस्न आग्रह गरिएको छ । लकडाउनको पालना नगरे र सुरक्षा सतर्कता नअपनाएमा नगरपालिकाले कानूनी कारवाहीको प्रक्रिया अगाडी बढाउने समेत उल्लेख गरिएको छ ।

जिल्ला भित्रने सबै बसहरूले यात्रु सङख्या उल्लेख भएको सवारी पास लिएर आएको भएपनि तोकिए भन्दा बढी यात्रु बोकेको प्रहरी चौकी मालढुङगाका प्रहरी सहायक रामबाबु शाहले जानकारी दिनुभयो । ‘काठमाडौबाट छुटेको बसले मुग्लिङ र विभिन्न ठाउँमा अलपत्र परेका मानिस उठाउँदै आएका छन् ।’ -उहाँले भन्नुभयो- ‘परिस्थितीको गम्भीरतालाई हेरेर यात्रु सङख्या टिपोट गरी छोडने गरेका छौ । उहाँले बसमा आएका सबै यात्रुलाई झारेर चेकजाँच गर्दा कोरोना जोखिम बढने भएकाले सम्बन्धित स्थानीयतहमा नै चेकजाँच गर्ने गरी छोडिएको बताउनुभयो ।

काठेखोला गाउँपालिकाले कोरोना भाइरस सङक्रमण रोकथामको लागि थप तयारी अगाडी बढाएको छ । गाउँपालिकाले वैशाख १४ गते प्रेस विज्ञप्ति जारी गर्दै नागरिकहरूको समस्यालाई मध्यनजर गरी उनीहरूको समाधान गर्न तर्फ लागेको जनाएको छ । गाउँपालिकाले स्थाइ ठेगाना काठेखोला भएको र विभिन्न कामको सिलसिलामा गाउँपालिका बाहिर रहेका नागरिकहरूलाई सोही स्थानमा सुरक्षित भएर बस्न आग्रह गरेको छ ।

गाउँपालिकाले पालिका बाहिर रहेका नागरिकहरूलाई केही समस्या भए गाउँपालिकामा सम्पर्क गर्न वा पालिकाले तयार गरेको कोभिड-१९ अनलाइन फारम भरेर जानकारी गराउन आग्रह गरेको छ । समस्यामा परेका नागरिकहरूलाई सोही स्थानमै राहत पुऱ्याउने बताइएको छ ।

गाउँपालिका अध्यक्ष अमरबहादुर थापाद्वारा हस्ताक्षेरित विज्ञप्तिमा लकडाउनको समयमा कुनै व्यक्ति गाउँपालिकाले बाहिरबाट आएको खण्डमा गाउँपालिका वा वडा कार्यालयलाई पूर्व जानकारी गराइ स्थानीयतहले निर्माण गरेको क्वारेण्टाइन वा होम सेल्फ क्वारेण्टाइनको नियमहरू पालना गरी र स्वघोषणा पत्रमा सही छाप गरी सुरक्षित रूपमा बस्न आग्रह गरिएको छ ।

त्यस्तै गाउँपालिकामा एकद्वार प्रणालीबाट राहत वितरण भइरहेकोमा केही व्यक्ति तथा सङघ संस्थाहरूले नियमको पालना नगरी राहत वितरण गरेको हुँदा सबैले नियम पालना गर्न आग्रह गरिएको छ । कुनै सङघ संस्था वा व्यक्तिले सहयोग गर्न चाहे गाउँपालिकाले स्थापना गरेको फुड बैंकमा जम्मा गर्न आग्रह गरिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार दमौली र काठमाडौबाट फर्किएका १४ जनालाई वारपाक सुलिकोट गाउँपालिकाले सुलिकोट गाउँपालिका-५ जलकन्या देवी मावि झ्याल्ला

गाउँको सामूहिक क्वारेण्टाइनमा राखिएको प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीले बताउनुभयो । उक्त गाउँपालिकाको ७० टोलमा रहेको टोल स्तरीय समूहले नवआगन्तुकलाई क्वारेण्टाइन वा घरमा बस्ने व्यवस्था मिलाउने काम गर्दै आएको छ ।
जिल्लामा लकडाउनले रोकिएका योजनाहरूको काम सुचारू हुने भएको छ । गत चैत २० गते बसेको नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले गरेको निर्णयको अधिनमा रहेर योजनाका काम सुरू हुन लागेका हुन् । १ सय ११ योजनाले काम सुचारू गर्न अनुमति लिएको प्रशासन कार्यालय गोरखाका अधिकृत हर्क रोकाले बताउनुभयो । रोकाका अनुसार १६ कार्यालय तथा योजनाका १ सय ११ योजना सुचारू गर्न अनुमति लिएका हुन् ।
कार्यस्थलमा व्यक्ति-व्यक्ति बीचको न्यूनतम भौतिक दुरी कायम गर्नुपर्ने, कार्यस्थलमै खाना र आवासको व्यवस्था गर्ने, स्वास्थ्य सम्बन्धी प्रोटोकल पालना गर्ने, कार्यस्थलमा रहेका सबैको नियमित स्वस्थ्य जाँच र मास्क, सेनेटाइजर तथा साबुन पानीको प्रयोग गर्ने गराउने गरी व्यवस्था रहेको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार अध्ययनको सिलसिलामा काठमाडौं रहेका १ सय २० जना विद्यार्थीलाई नेवि सङघ र नेपाल तरुण दल नवलपुरको टोलीले काठमाडौंबाट नवलपुर लिएर फर्किदै छन् ।
लकडाउनको कारण अध्ययनको सिलसिलामा काठमाडौंमा रहेका विद्यार्थीहरूलाई दैनिक समस्या हुँदा समेत घर फिर्ता हुन नसकेको भन्दै घर फर्किन चाहेका विद्यार्थीहरूलाई लिएर टोली फर्किन लागेको नेवि सङघ नवलपुरका जिल्ला अध्यक्ष राजेश पौडेलले जानकारी दिनुभयो ।
पहिलो चरणमा वैशाख १४ गते १ सय २० जना विद्यार्थीहरू आउन लागेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । केही छुट भएको विद्यार्थीलाई फेरिपनि सहयोग गर्ने उहाँले बताउनुभयो । घर फर्किएका उनीहरूलाई सेल्फ क्वारेण्टाइनमा राखिने उहाँले जानकारी दिनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्ला प्रशासन कार्यालय पर्वत तथा स्थानीयतहको आग्रह र अनुरोध विपरित काठमाण्डौबाट वैशाख १३ र १४ गते गरी ३ सय मानिस जिल्ला भित्रिएको अनुमान सुरक्षा निकायले गरेका छन् । स्थानीयतहले रोक लगाउने भनिएपनि राजनैतिक दलका नेता र जनप्रतिनिधिको पहलमा काठमाण्डौबाट बस रिर्जभ गरेर धमाधम जिल्ला पठाउने काम भैरहेको छ । वैशाख १३ र १४ गते  बिहान मात्रै पर्वतका लागि आठ ओटा बसमा मानिसहरू ओसारिएका छन् । काठमाण्डौमा अप्ठेरोमा परेकालाई जिल्ला फर्कन चाहेको भन्दै सामाजिक सञ्जालमा सूचना नै राखेर तथा इच्छुकहरूलाई फारम भरेर जिल्ला पठाइएको छ । अध्ययन गर्ने विद्यार्थी देखि काठमाण्डौमा पेशा व्यवसाय गर्ने र काठमाण्डौमा घर नै भएकाहरूलाई समेत यसरी जिल्ला पठाइएको छ ।
राजनीतिक प्रतिष्ठा ठानेर जनप्रतिनिधिहरूले अप्ठेरोमा परेका भन्दै जिल्लामा मान्छे भित्राउन थालेका छन् । नसोचेका मानिसहरू जिल्ला भित्रिएपछि स्थानीयतहहरूलाई व्यवस्थापनमा समस्या भएको छ ।
स्थानीयतह र प्रशासनलाई कुनै जानकारी नदिइ बाह्य जिल्लाबाट मानिसहरू भित्राएपछि व्यवस्थापनमा समस्या भएको पैय्नु गाउँपालिका प्रमुख खगेन्द्र तिवारीले बताउनुभयो । जिल्लामा तीन सयको हाराहारीमा मानिस भित्रिएपनि ३३ जना मात्रै क्वारेण्टाइनमा रहेको र अन्य व्यक्तिहरूको  अवस्था बारे केही जानकारी नभएको सहायक प्रमुख जिल्ला अधिकारी बिमल गौतमले जानकारी दिनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार जिल्लामा एउटा स्थानीयतहबाट अर्कोमा एवंम जिल्ला बाहिरबाट आएका सबैलाई अनिवार्य १४ दिन क्वारेण्टाइनमा राखेर स्वास्थ्य जाँच गरेर मात्रै स्थानीयतहले घर पठाउने गरेको प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले बताउनुभएको छ । सोही निर्णय बमोजिम काठमाडौबाट आएका १ सय ४०, बुटवलबाट आएका २६ र पोखराबाट आएका २४ जनालाई क्वारेण्टाइनमा राखिएको छ भने रघुगङ्गा गाउँपालिकाको क्वारेण्टाइनमा रहेका तीन जना वैशाख १४ गते घर फिर्ता भएका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार लमजुङ जिल्लामा राइनास नगरपालिका स्थित वडा नम्बर ५ को सनराइज यूवा क्लबले त्यहाँ चल्ने सवारी साधनहरूलाई सेनेटाइजर स्प्रे गरेर मात्र नगरपालिका प्रवेश गराउने गरेको छ । लकडाउनको अवधिमा लमजुङमा कालो बजारी नबढोस भनेर बजार अनुगमनलाई तिब्रता दिइएको सहायक प्रमुख जिल्ला अधिकारी काजीमान सुनारले बताउनुभयो ।
त्यसैगरि स्थानीयतहका केही वडाहरूमा एक ठाउँवाट अर्को ठाउँमा अवातजावत गर्नेलाई जरिवाना समेत गरिएको बेसिशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले बताउनुभयो । साथै जिल्लामा स्थानीय तरकारी तथा फलफुललाई बजारीकरण गर्नको लागि उद्योग वाणिज्य सङघले पहल गरेको छ । हाल मालवाहक गाडीहरू सञ्चालनमा अलि खुकुलो भएकोले त्यसलाई न्यूनीकरण गर्नुपर्ने जनगुनासो बढेको छ ।
वीरगञ्जबाट आउने तरकारी तथा फलफुल जिल्ला भित्राउदा कोरोनाको सङक्रमण फैलिन सक्ने हुनाले यसलाई तत्काल रोक्नको लागि उद्योग वाणिज्य सङघले ध्यानाकर्षण गराएको सङघका अध्यक्ष राजेश थापाले बताउनुभयो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**